जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १८७ • २०८३ बैशाख १५ गते मंगलवार • 28 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## वन क्षेत्रमा देखिएको कथित अनियमितता र दोहनप्रति प्रदेश सरकार मौन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ बैशाख**

मधेश प्रदेशअन्तर्गत वन क्षेत्रमा देखिएको कथित अनियमितता र दोहनप्रति प्रदेश सरकार मौन बसेको आरोप लगाउँदै चुरे तथा वनजंगल संरक्षण अभियानले नेपाली कांग्रेसका सभापति गगन कुमार थापा लाई खुला पत्रमार्फत हस्तक्षेपको माग गरेको छ।

अभियानका अध्यक्ष सूनिल कुमार यादवले सार्वजनिक गरेको उक्त पत्रमा विशेष गरी रौतहट डिभिजन वन कार्यालयमा भइरहेको गतिविधिप्रति गम्भीर प्रश्न उठाइएको छ। पत्रमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले यस प्रकरणमा कुनै चासो नदेखाई मौनता अपनाएको आरोप लगाइएको छ।

दुवै मन्त्री नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने भएकाले पार्टी नेतृत्वकै स्तरबाट हस्तक्षेप आवश्यक रहेको उल्लेख गर्दै सभापति थापासँग पहलको विश्वास गरिएको छ। पत्रअनुसार, डिभिजन वन कार्यालय रौतहटका प्रमुख (डिएफओ) माथि यसअघि महोत्तरीमा कार्यरत रहँदा नै वन स्रोतको दुरुपयोग र भ्रष्टाचारमा संलग्न भएको आरोप लागेको थियो।




सो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको र मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको दाबी गरिएको छ। अभियानले रौतहट सरुवा भएसँगै ती डिएफओबाट पुनः वन क्षेत्रको दोहन र अनियमितता बढेको आरोप लगाएको छ। खुला पत्रमा काठ आपूर्ति प्रक्रियामा मिलेमतो, कम मूल्यमा लिलामी, कमिशन लेनदेन, सामुदायिक वनको बजेट दुरुपयोग, अवैध रुख कटानी तथा प्रमाण नष्ट गर्न आगजनी गराइएको जस्ता गम्भीर विषयहरू उल्लेख गरिएको छ। यस्तै, नुनथर क्षेत्रलगायत स्थानमा नियमविपरीत संरचना निर्माणमा आर्थिक लेनदेन भएको, सामुदायिक वनमार्फत काठ तस्करी बढेको तथा सरुवा प्रक्रियामै अनियमितता भएको आरोपसमेत लगाइएको छ। अभियानले वन मन्त्रालय स्वयं पनि शंकाको घेरामा परेको भन्दै तत्काल स्थलगत अनुगमन, अडिट रिपोर्टको परीक्षण, बैंक कारोबारको छानबिन र संलग्न कर्मचारीमाथि कडा कारबाही गर्न माग गरेको छ।

## रेल्वे सेवामा नेतृत्व अभाव, आर्थिक संकट र व्यवस्थापकीय कमजोरी




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ बैशाख**

देशकै एकमात्र रेल सेवा यतिबेला नेतृत्व अभाव, आर्थिक संकट र व्यवस्थापकीय कमजोरीको चपेटामा परेको छ।

भारतको जयनगरदेखि महोत्तरीको भंगहासम्म सञ्चालन भइरहेको नेपाल रेल्वे सेवा अहिले 'स्टोर इन्चार्ज'को भरमा चलिरहेको छ। रेल्वे कम्पनीमा महाप्रबन्धक पद सात महिनादेखि रिक्त रहँदा नीति निर्माणदेखि दैनिक प्रशासनिक निर्णयसम्म प्रभावित बनेको छ। जिम्मेवार नेतृत्व नहुँदा सेवा प्रवाहमा अव्यवस्था बढ्दै गएको कर्मचारीहरू बताउँछन्। अहिले स्टोर इन्चार्ज केवल बहादुर नेपालीले दैनिक सञ्चालन सम्हाल्दै आएका छन्। तर, उनीसँग नीतिगत निर्णय गर्ने अधिकार छैन। उनले भने, 'महाप्रबन्धक नहुँदा निर्णय लिन कठिन भइरहेको छ। तर सेवा रोक्न मिल्दैन, जसरी पनि सञ्चालन गर्नुपर्छ भन्ने दबाब छ।' कार्यालयमा सूचना अधिकारीसमेत नहुँदा यात्रु र सरोकारवालालाई आवश्यक जानकारी दिनसमेत समस्या भइरहेको उनले बताए।

नेपाल रेल्वे कम्पनीको आर्थिक अवस्था झन् चिन्ताजनक देखिन्छ। दैनिक करिब दुईदेखि अढाई लाख रुपैयाँसम्म आम्दानी भए पनि खर्च संरचना उच्च हुँदा कम्पनी निरन्तर घाटामा सञ्चालन भइरहेको छ। पूर्वमहाप्रबन्धक निरञ्जन झाका अनुसार मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ हाराहारीमा सीमित छ भने खर्च एक करोड २९ लाख रुपैयाँसम्म पुग्ने गरेको छ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

**सामाजिक सञ्जालमा :**

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामाग्रीहरुको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।**
**यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




# विकासलाई नयाँ गतिको जरुरी

*सरकारले पनि निर्माण क्षेत्रलाई अगाडि बढाउन न्यायोचित वातावरण निर्माण गर्नुपर्ने देखिन्छ । सरकारको पहिलो दायित्व समयमै भुक्तानी गर्नु देखिन्छ । पर्याप्त बजेट विनियोजन र निकासा नहुँदा निर्माण चक्र नै प्रभावित हुने गरेको देखिन्छ। त्यस्तै, नदीजन्य र खानीजन्य निर्माण सामग्रीको सहज उपलब्धतामा सरकारले सहजीकरण गरिदिनुपर्ने देखिन्छ। व्यवसायीले नियमानुसार लाग्ने रोयल्टी तिरेपछि तोकिएको खानीबाट सामग्री लिन पाउने निर्वाध व्यवस्था हुनुपर्ने देखिन्छ। रूख कटान, बिजुलीका पोल स्थानान्तरण र जग्गा प्राप्ति जस्ता साइट क्लियरेन्सका कामहरू व्यवसायीको नभई सरकारकै दायित्व भएकाले अवरोधरहित निर्माणस्थल सरकारी पक्षबाटै उपलब्ध गराइनुपर्ने देखिन्छ। देशैभर रहेका रुग्ण ठेक्काहरूको समाधानका लागि वस्तुनिष्ठ समीक्षा गरिनुपर्छ ।*

*यदि निर्माण व्यवसायीकै लापरबाहीका कारण काम नभएको हो भने ठेक्का तोडेर कारबाहीमा जानुपर्छ, तर यदि सरकारी कमजोरी वा प्राकृतिक विपद्का कारण काम हुन नसकेको हो भने बिना जरिवाना म्याद थप गर्ने वा आपसी सहमतिमा ठेक्का अन्त्य गर्ने बाटो रोज्नुपर्ने देखिन्छ। सार्वजनिक खरिद ऐनको दफा ५९ को उपदफा ८ ले ठेक्का तोडिँदा बाँकी कामको सबै खर्च व्यवसायीबाटै असुल गर्ने प्रावधान राखेकाले यसले जटिलता थपेका छन । यसलाई संशोधन गरी पुराना ठेक्काहरूको हकमा समेत लागू हुने गरी सहज बनाउन सकिएमा व्यवसायीहरू मुद्दा-मामिला नगरी सहजै 'एक्जिट' हुन तयार हुनेछ, जसले पूर्वाधार विकासलाई नयाँ गति दिने देखिन्छ ।*

# कमला नदी पुल नजिकको अस्थायी बाँध भत्किँदा आवतजावत प्रभावित

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १४ बैशाख**



सिरहा र धनुषा जोड्ने निर्माणाधीन कमला नदी पुल नजिकको अस्थायी बाँध भत्किँदा आवतजावत प्रभावित भएको छ। पुलको डाइभर्सनदेखि करिब ३०० मिटर अगाडि माटोको अस्थायी बाँध बाढीले बगाएपछि आवतजावत प्रभावित भएको हो ।

स्थानीय रामचन्द्र यादवका अनुसार, बाँध भत्किएपछि सयौं सवारीसाधन बीचमै फसेका थिए । तिनलाई स्थानीयको सहयोगमा उद्धार गरिएको थियो ।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले वर्षा र बाढीका कारण पुल नजिकको अस्थायी संरचना क्षतिग्रस्त भएको बताए । उनले तत्कालै निर्माण व्यवसायीले डोजर प्रयोग गरी माटो हालेर बाँध पुनर्निर्माण गरेको जानकारी दिए । पुनः बाँध भत्किने सम्भावना रहेकाले समस्याको दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको उनले बताए । 'दीर्घकालीन समाधानको उपाय खोज्न सिरहाका तीन वटै क्षेत्रका प्रतिनिधिसभा सदस्य लगायतसँग जिल्ला प्रशासन कार्यालयमा बैठक बसेको छ । बैठकबाट निकास निस्किएपछि मात्र केही भन्न सकिन्छ,' उनले भने ।

बैठकमा सिरहा क्षेत्र नम्बर १ का बब्लु गुप्ता, सिरहा-२ का शिव कुमार यादव, सिरहा-३ का डा. शम्भु कुमार यादव सहभागी थिए। करिब १४ वर्षअघि ठेक्का सम्झौता भएको कमला नदी पुल निर्माण अझै सम्पन्न हुन नसक्दा स्थानीयवासीले सास्ती खेप्दै आएका छन् । हुलाकी राजमार्गअन्तर्गत पर्ने यो पुल निर्माणका लागि २०६८ जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो ।

२०७१ मंसिरमा सम्पन्न हुनुपर्ने पुल हालसम्म पनि पूरा हुन नसक्दा सात पटक म्याद थप भइसकेको छ। निर्माणको क्रममै रहेका बेला २०७८ असार १७ मा आएको बाढीले पुलका दुईवटा जग भासिएर चार वटा स्ल्याबमा क्षति पुगेको थियो । तीमध्ये सिराहातर्फका दुई स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ। हाल ठेक्काको म्याद पुनः थप गर्ने प्रक्रिया अघि बढाइएको छ। बाँकी काम लुम्बिनी कम्पनीले गरिरहेको छ । पुल निर्माणको क्रममा हालसम्म २० करोड ४३ लाख रुपैयाँ खर्च भइसकेको जनाइएको छ ।

# सुकुमवासी बस्ती सहित देशको अन्य अतिक्रमितमा पनि डोजर चल्दै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ बैशाख**

राजधानी उपत्यकाभित्रका सुकुमवासी बस्तीहरू भत्काउन अग्रसरता देखाएको सरकारले देशका अन्य भूभागमाका पनि अतिक्रमित पनि डोजर चलाउँदैछ ।

स्थानीय सरकार, प्रशासन एवं अन्य निकायहरूबाट अव्यवस्थित बसोबास, अतिक्रमण संरचना र सुकुमवासी वस्तीहरू हटाउने प्रक्रिया अगाडि बढाइएको छ। गृह प्रशासन स्रोतका अनुसार जिल्ला प्रशासन कार्यालय मार्फत अतिक्रमित क्षेत्रको लगत संकलन कार्य तीव्र पारिएको छ । 'अतिक्रमित भूमिको लगत संकलन गरेर त्यस्ता संरचनामा हटाउने कार्य गर्नु भनेर माथिबाट निर्देशन आएको छ,' एक जना प्रमुख जिल्ला अधिकारीले भने, 'निर्देशन बमोजिम अतिक्रमित क्षेत्रहरुको लगत संकलन कार्य भइरहेको छ ।' काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाह प्रधानमन्त्री निर्वाचित भए लगत्तै जारी १०० बुँदे कार्यसूचीमै अतिक्रमित भूमि कब्जा तत्काल हटाउने प्रतिबद्धता गरिएको थियो । 'सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने,' प्रतिबद्धताको ९२ नम्बरमा भनिएको छ, 'नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने ।' प्रतिबद्धतामा ६० दिनभित्र लगत संकलन गरिसक्ने र एक हजार दिनभित्र भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या हल गर्ने प्रतिबद्धता जनाएको सरकारले शनिबार (१२ वैशाख) देखि राजधानीभित्रका सुकुमबासी वस्तीहरूमा डोजर चलायो ।

यसका निम्ति गृहमन्त्रीको जिम्मेवारी आफैं सम्हालिरहेका प्रधानमन्त्री बालेनले सुरक्षा निकायका प्रमुखहरूलाई बुधबार निर्देशन दिएका थिए । प्रधानमन्त्री बालेनकै अग्रसरतामा राजधानीमा डोजर चल्दा अन्य शहरहरूमा भने संघ सरकारको निर्देशन अथवा साथ पाउने विश्वासकै आधारमा डोजर चलिरहेको छ । विराटनगर, दुहवी, वीरगञ्ज, बुटवल, पोखरा लगायत शहरहरूमा डोजर चलाउने निकाय भने एउटै छैन । कतै प्रदेश, कतै स्थानीय सरकार र कतै अरु निकायको अग्रसरतामा डोजर चलाइदैछ। प्रदेश सरकार सक्रियः मधेश प्रदेशका शहरहरूमा प्रदेश सरकारको निर्देशन बमोजिम डोजर चलिरहेको छ । डोजर चलेको पर्साको वीरगञ्ज र सखुवा प्रसौनी, धनुषाको मिथिला नगरपालिका र शहीदनगर नगरपालिकाले प्रदेश सरकारको निर्देशनलाई आधार मान्यो ।

गत चैत २२ गते मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्रालयले १३६ वटै स्थानीय तहलाई पत्राचार गरी फुटपाथमा अतिक्रमित गरी बनाइएको संरचनाहरू हटाउन निर्देशन दिएको थियो। निर्देशन बमोजिम जनकपुरको फुटपाथ बजार, पेठिया बजार, मुरली चोक, मिल्स एरिया लगायतको क्षेत्रबाट अतिक्रमित संरचना हटाइएको छ । पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ मा रहेका ३८० वटा घरटहरामा डोजर चलाइएको छ । यो वस्तीमा डोजर चलाउन प्रदेश गृहमन्त्री फकिरा महतो आफैंले अग्रसरता देखाएका थिए ।

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः पढाईमा ध्यान दिनुपर्ने
मिथूनः लामो यात्राको योग छ
कर्कटः पिछडेको साथी मिल्न
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः खानपानमा समस्या आउने
कूम्भः अनावश्यक खर्चको संभावना
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# रूस पुगे विदेशमन्त्री अराघची, पुटिनसँग भेटवार्ता हुँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ बैशाख

इरान र अमेरिकाबीचको कूटनीतिक गतिरोध अन्त्य गर्ने प्रयासस्वरूप इरानी विदेशमन्त्री अब्बास अराघची सोमबार रूसको सेन्ट पिटर्सबर्ग पुगेका छन् ।

क्षेत्रीय मध्यस्थताका प्रयासहरू दबाबमा परिरहेका बेला अराघचीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ। तेहरान र वासिङ्टनबीच प्रत्यक्ष संवाद ठप्प रहेको अवस्थामा इरानले मस्कोमार्फत सहमतिको सम्भावित बाटो खोज्न खोजेको देखिन्छ । यसअघि ओमान र पाकिस्तानको भ्रमण गरेका अराघचीको कूटनीतिक दौडधुपबीच इस्लामाबादमा हुने भनिएको दोस्रो चरणको वार्ता भने अन्तिम समयमा स्थगित भएको थियो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना दूतहरूको पाकिस्तान भ्रमण रद्द गरेपछि वार्ताको प्रक्रिया अवरुद्ध भएको हो । यद्यपि, इरानले पाकिस्तानमार्फत अमेरिकासमक्ष आणविक मुद्दा र हर्मुज जलमार्गका बारेमा आफ्ना 'लक्ष्मण रेखा' स्पष्ट पार्दै लिखित सन्देश पारेको छ ।



इरानले हर्मुज जलमार्ग पुनः खोल्ने र युद्ध अन्त्य गर्ने प्रस्ताव अघि सारेको रिपोर्टहरू सार्वजनिक भएका छन्। इरानले यस जलमार्गमा नाकाबन्दी लगाएपछि विश्वभर तेल, ग्यास र मलको आपूर्तिमा समस्या उत्पन्न भई मूल्यवृद्धि बढेको छ, जसले विशेष गरी विकासशील राष्ट्रहरूमा खाद्य असुरक्षाको जोखिम निम्त्याएको छ। अमेरिकाले पनि इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाएर दबाब बढाइरहेको छ । राष्ट्रपति ट्रम्पले वार्ताका ढोकाहरू बन्द नभएको उल्लेख गर्दै इरानले चाहेमा अमेरिकासँग प्रत्यक्ष सम्पर्क गर्न सक्ने बताएका छन्। नोभेम्बरमा हुने मध्यावधि चुनावको पूर्वसन्ध्यामा बढ्दो इन्धन मूल्य र युद्धप्रतिको नकारात्मक जनमतका कारण ट्रम्पमाथि पनि कूटनीतिक निकास खोज्न घरेलु दबाब बढ्दै गएको छ। इरान-अमेरिका खिचातानीकै बीच इजरायल र हिजबुल्लाहबीच लेबनानमा युद्धविराम उल्लङ्घनका घटनाहरू बढेका छन्। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरान समर्थित समूहहरूविरुद्धको कारबाही जारी रहने बताएका छन्।

# बक्स अफिसमा 'माइकल'को रेकर्डतोड पफर्मेन्स

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ बैशाख



'किङ अफ पप' माइकल ज्याक्सनको जीवनमा आधारित ठूलो बजेटको बायोपिक 'माइकल'ले विश्वव्यापी बक्स अफिसमा २१ करोड ७० लाख डलर ओपनिङ गर्दै बायोपिक फिल्म इतिहासमै सबैभन्दा ठूलो सुरुवात गरेको छ ।

फिल्मले उत्तर अमेरिकामा ९ करोड ७० लाख डलरमा ओपनिङ गरेको छ। यसअघि उच्च ओपनिङ गरेका 'ओपनहेइमर' र 'बोहेमियन र्याप्सोडी'जस्ता फिल्महरूको रेकर्डलाई पनि यसले उछिनेको छ। घरेलु बक्स अफिसमा 'ओपनहेइमर'को पहिलो दिनको कलेक्सन ८ करोड ३० लाख डलर थियो । बोहेमियन र्याप्सोडीले ५ करोड १० लाख डलर कमाएको थियो । ज्याक्सन इस्टेटले सह निर्माण गरेको फिल्ममा माइकल ज्याक्सनका भतिजा जाफर ज्याक्सनले मुख्य भूमिका निर्वाह गरेका छन् । यो फिल्मले घरेलुस्तरमा ९ करोड ७० लाख डलर र अन्तर्राष्ट्रियस्तरमा १२ करोड ४ लाख डलर (कुल २१ करोड ७० लाख डलर) कमाएर २०२३ मा ओपेनहाइमरले रिलिज भएको पहिलो सप्ताहन्तमा कमाएको १८ करोड ४ लाख डलरको कलेक्सनलाई उछिनेको छ । फिल्मलाई आलोचकहरूले कमजोर प्रतिक्रिया दिएका छन् । रोटन टोमेटोजमा यसको आलोचक स्कोर ३८ प्रतिशत मात्र छ । तर दर्शकहरू अत्यन्त उत्साहित देखिएका छन्। जहाँ दर्शक स्कोर ९७ प्रतिशत छ । यसले फिल्मप्रति जनस्तरमा ठूलो आकर्षण रहेको देखाउँछ । तर फिल्म विवादबाट मुक्त छैन ।

ज्याक्सनको जीवनसँग जोडिएका यौन दुर्व्यवहारका आरोपहरूलाई कम स्थान दिइएको भन्दै आलोचना भएको छ। साथै, उत्पादन प्रक्रियामा पनि ठूलो समस्या आएको थियो, विशेषगरी जोर्डन चान्डलरसम्बन्धी सामग्री कानुनी कारणले हटाउनुपरेपछि करिब ५ करोड डलर खर्चेर पुनः छायांकन गरिएको थियो ।

# आगामी दश वर्षमा चौबीस हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गरिने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ बैशाख

सरकारले आर्थिक वर्ष २०९२/९३ सम्ममा सरकारी, सार्वजनिक र निजी क्षेत्रको समेत लगानीमा कुल २४ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' सार्वजनिक गरेको छ ।

सो रणनीतिमा यसअघि प्रस्ताव गरिएका, अध्ययन भएका, निर्माणमा रहेका र निर्माणमा जान तयार अवस्थामा रहेका आयोजना रहेका छन् । जलाशय र अर्धजलाशय प्रकृतिका आयोजनाका अलावा सौर्य ऊर्जा परियोजनालाई पनि रणनीतिमा समावेश गरिएको छ। रणनीतिमा बहुचर्चित बुढीगण्डकी जलाशयुक्त आयोजना २०८१ सालसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना निर्माणको तयारीमा छ । लगानी ढाँचा तय भएको तर कार्यान्वयनमा भने गइनसकेको सो आयोजनालाई सरकारले प्राथमिकतामा राखेको छ । रणनीतिमा समावेश गरिएको कार्ययोजनामा निकट भविष्यमा नै रघुगङ्गा जलविद्युत् आयोजना सम्पन्न हुने उल्लेख छ। कुल ४० मेगावाट क्षमताको सो आयोजना निर्माणको अन्तिम चरणमा छ । यसैगरी, १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना आव २०८५/८६ सम्म निर्माण सम्पन्न हुने जनाइएको छ । रणनीतिमा प्रस्ताव गरिएअनुसार ४२ मेगावाट क्षमताको माथिल्लो मोदी ए, १८ दशमलव दुई मेगावाट क्षमताको माथिल्लो मोदी, ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ बी सम्पन्न हुने लक्ष्य राखिएको छ ।



# महिला बिच कबड्डीमा भारतलाई उपाधि, नेपाली टोलीलाई कांस्य



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ बैशाख

छैटौं एसियन बिच गेम्स २०२६ अन्तर्गत बिच कबड्डीको उपाधि भारतीय महिला कबड्डी टोलीले जितेको छ । भारतले श्रीलंकालाई पराजित गर्दै लगातार छैटौं पटक उपाधि जितेको हो। सोमबार भएको फाइनल खेलमा भारतले श्रीलंकालाई ४७-३१ ले पराजित गरेको हो ।

भारतसँग पराजित हुँदै श्रीलंकाले पहिलोपटक बिच कबड्डीमा रजत पदक जित्यो । प्रतियोगितामा नेपालले भने कांस्य जितेको छ। आइतबार भएको दोस्रो सेमिफाइनल खेलमा श्रीलंकासँग पराजित हुँदै नेपालले कांस्य पदक जितेको हो ।

त्यस्तै भारतसँग पराजित हुँदै बंगलादेश पनि कांस्य पदकमा सीमित बन्यो । नेपाली महिला कबड्डी टोलीकी कप्तान मनमती विष्टले आफूहरूले पदक लिएर स्वदेश फर्कन पाएकोमा खुसी रहेको बताइन् । 'हामीले १९औं एसियन गेम्समा पनि चीनबाट तेस्रो पदक लिएर गएका थियौं । पुनः हामीले पदक लिएर स्वदेश फर्कन पाउँदा निकै खुसी लागेको छ' सोमबार पदक ग्रहण गरिसकेपछि उनले भनिन् ।

# संविधान संशोधनका लागि नेकपाले बनायो कार्यदल

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ बैशाख

नेपाली कम्युनिस्ट पार्टीले संविधान संशोधनका लागि ११ सदस्यीय कार्यदल गठन गरेको छ । सरकारले संविधान संशोधनका लागि दलहरूसँग छलफल गरिरहेका बेला सोमबार नेकपाको केन्द्रीय संयोजन समिति बैठकले कार्यदल बनाएको हो ।

कार्यदलमा देव गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रणध्वज कन्दङ्वा, रेखा शर्मा, गणेश विक, मुक्ति प्रधान, खिमलाल देवकोटा, डम्बरविक्रम थापा, जगदेव चौधरी र रामबहादुर चौधरी छन् । कार्यदलले संविधान संशोधनका लागि प्रतिवेदन तयार गर्ने कार्यादेश छ । प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असीम शाहको नेतृत्वमा 'संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२' गठन भएको छ । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले १३ चैतमा सार्वजनिक गरेको 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ४ अनुसार कार्यदल गठन गरिएको हो । रास्वपाले आफ्नो वाचापत्रमा सरकार सम्हालेको तीन महिनाभित्र राष्ट्रिय सहमति कायम गर्ने हेतुले संविधान संशोधनका प्रस्तावहरूबारे 'बहस पत्र' तयार गर्ने भनेको थियो । त्यस्तै रास्वपाबाट प्रारम्भिक छलफलका लागि पेस हुने विषयमा प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप भनिएको थियो ।




# नदी किनारामा रहेका सुकुमवासी बस्ती हटाउने क्रम जारी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ बैशाख



काठमाडौं उपत्यकाको नदी किनारा क्षेत्रमा रहेका सुकुमवासी बस्ती हटाउने क्रम जारी रहेको छ । सरकारले सुकुमवासी हटाउने क्रमलाई सोमबार पनि जारी राखेको हो । सोमबार गैरीगाउँ र मनोहरा नदी किनार क्षेत्रमा रहेको सुकुमवासी बस्तीमा डोजर लगाइएको छ ।

सरकारले शनिबारबाट सुकुमवासी बस्ती हटाउन सुरु गरेको थियो । काठमाडौंको थापाथली, गैरीगाउँ र मनोहरा किनार क्षेत्रमा रहेका सुकुमवासी बस्ती हटाएर त्यहाँ बसोवास गर्दै आएका परिवारलाई दशरथ रङ्गशालामा स्थापना गरिएको होल्डिङ सेन्टरमा राखी विवरण टिप्ने तथा स्क्रिनिङको कार्य पनि सँगै भइरहेको छ । स्क्रिनिङपछि वास्तविक सुकुमवासीको पहिचान गरी उनीहरूलाई सहरी विकास मन्त्रालय तथा मातहतका निकायहरूले व्यवस्था गरेका विभिन्न स्थानका भवनहरूमा खानेबस्ने सुविधासहित अस्थायी रूपमा स्थानान्तरण गरिने जनाइएको छ । सरकारले नदी किनार तथा सार्वजनिक जग्गामा बनेका अव्यवस्थित बस्ती हटाउने अभियान अन्तर्गत शनिबार र आइतबार थापाथली, गैरीगाउँ र मनोहरा क्षेत्रका बस्ती हटाएको थियो भने हटाउन बाँकी रहेको क्षेत्रमा सोमबार पनि हटाउने कार्य जारी राखेको छ ।

# उच्च शिक्षामा किन पढ्नुपर्छ मानविकी र समाज विज्ञान ?



-मानविकी र समाज विज्ञानको अध्ययनले विद्यार्थीमा आलोचनात्मक सोच, नैतिक चेतना र सिर्जनशीलता विकास गर्छ । विज्ञान र प्रविधिको तीव्र विकाससँगै मानवीय मूल्य, सहानुभूति र सामाजिक उत्तरदायित्व जोगाउन मानविकी शिक्षाको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । हालका युवामा मानविकी शिक्षाको अभाव देखिँदा समाजमा असहिष्णुता र अन्धपक्षधरता बढेको छ, जसलाई सन्तुलित बनाउन उच्च शिक्षामा मानविकीको योगदान अपरिहार्य छ । विसं २०५४/५५ तिर अमृत साइन्स क्याम्पसमा विज्ञान विषयमा स्नातक अध्ययनरत एक युवा तत्कालीन नेकपा (माले) ले कालापानीको विषयलाई लिएर गरेको सडक आन्दोलनमा सक्रिय सहभागी थिए । ढुंगामुढा र प्रहरीसँग धक्कामुक्कीसहितको उक्त आन्दोलनमा सहभागी उनी विज्ञान विषयको प्रवीणता प्रमाणपत्र तहका 'टपर' थिए ।

उक्त क्याम्पसमा ग्रामीण क्षेत्रबाट विज्ञान पढ्न आएका अर्का युवालाई आफूभन्दा सिनियर 'टपर' राजनीतिक आन्दोलनमा लागेको चित्त बुझेनछ र मौका मिलाएर उनलाई सोधेछन्, 'तपाईं जस्तो टपर मान्छे यसरी आन्दोलनमा लाग्दा पढाइ बिग्रँदैन ?' ती दाइले उत्तर दिएछन्, 'तिमी हामीले कक्षामा जे पढेका छौं, त्यो प्योर साइन्स हो, आन्दोलनमा लागेर जे सिकेका छौं त्यो सोसल साइन्सको एक हिस्सा हो, प्योर साइन्स र सोसल साइन्सको फ्युजनले हाम्रो ज्ञान पूर्ण बनाउँछ । एकअर्काबिना यी अधुरा हुन्छन् ।' यसरी उत्तर दिने उनी अहिले नेपालका सुपरिचित प्राज्ञका रूपमा स्थापित छन् भने उनीसँग प्रश्न गर्ने व्यक्तिले केही वर्षअघि त्यतिबेलाको प्रसंग मलाई सुनाएका थिए । म सामुदायिक विकास विभागमा पढाउँछु । पठन सामग्रीभित्र समाजका विभिन्न पक्षहरू, राजनीतिक तथा सामाजिक आन्दोलनहरू, तिनले ल्याएका परिवर्तनजस्ता विषय छन् । तर, पढ्ने विद्यार्थीहरू 'वी हेट पलिटिक्स' भन्ने पुस्ताका छन् । अध्ययनको सिलसिलामा जब नेपाली लोकतान्त्रिक आन्दोलनको इतिहास, त्यसले समाजमा पारेको प्रभाव र परिवर्तनबारे छलफल हुन्छ- उनीहरू बीपी कोइराला, पुष्पलाल जस्ता नेताहरू र ती आबद्ध राजनीतिक दलहरूप्रति अनुगृहीत देखिन्छन् ।


त्यस्तै, जब समावेशी हुँदै गएको राज्य संयन्त्र अनि त्यसको पृष्ठभूमिमा बलियोसँग रहेको माओवादी सशस्त्र संघर्ष र मधेश आन्दोलनको प्रसंग आउँछ तब उनीहरू राजनीतिक आन्दोलनलाई निरपेक्ष सत्तोसरापको पूर्वाग्रहबाट बाहिर निस्कन्छन् । त्यति मात्रै होइन, पृथ्वीनारायण शाहले सुरु गरेका गोरखा राज्य विस्तार अभियान र त्यसपछिको आधुनिक नेपालबारे पढ्दै गर्दा कतिपय विद्यार्थी तत्कालीन समयमा युद्धको त्रासले आफ्नो थातथलो छाड्न अभिशप्त उपत्यकाका मूलवासी प्रति भावुक हुन्छन् । कति तत्कालीन समयको भूराजनीतिमा पृथ्वीनारायण शाहको रणनीतिक अभियानमा गर्व गर्छन् । त्यस्तै, राणा शासनको कालखण्डमा त्रिचन्द्र कलेज तथा वीर अस्पतालहरू खुलेका प्रसंग हुन् वा सती प्रथाको अन्त्य जस्ता विषयले विद्यार्थीहरू ती कालखण्डमा भएका विविध घटनाले समाज परिवर्तनमा पुऱ्याएका योगदानका तथ्यहरूसँग साक्षात्कार हुन्छन् । र त उनीहरू ढुक्कसँग भन्छन्- कुनै पनि व्यक्ति वा प्रणाली पूर्णतः कालो वा सेतो छैन, यो त बरु विविध रङ मिसिएर बनेको अनौठो कोलाजजस्तो छ- कहिले केही उज्यालो र कहिले केही छाया परेको जस्तो भइरहन्छ । हरेक आन्दोलन अँध्यारोबाट उज्यालोतर्फको यात्राका लागि सचेत मान्छेले गरेका पवित्र प्रयासहरू मान्छन् विद्यार्थीहरू ।

कक्षाकोठा एउटा जीवन्त बहसको थलो बनेको हुन्छ । र, कक्षाकोठामा हुने पक्ष-विपक्षका बहसहरू ध्वंसात्मक होइन, रचनात्मक लाग्छन् । तर, अहिलेको समयमा निर्णायक भूमिका खेल्ने सामाजिक सञ्जाल त्यस्तो छैन । के तपाईंले आजभोलि सामाजिक सञ्जालहरूमा राजनीतिसँग सम्बन्धित कन्टेन्टहरू र तिनमा आएका कमेन्टहरू हेर्नुभएको छ ? यदि छ भने तपाईं असहिष्णु र उग्र समाजको छाया स्पष्ट देख्नुहुन्छ । यहाँ गुण र दोषका आधारमा प्रतिक्रिया हुँदैन, बरु पक्षको देवत्वकरण र विपक्षको विद्रूपीकरण मात्रै भेट्नुहुन्छ । यसरी समाजमा हुर्कंदै गएको निरपेक्ष पक्षधरता र विभाजनले हरेक सचेत मान्छेको मनोबल भित्रैबाट कायल हुन्छ । दैनिक युवा पुस्तासँग अन्तरक्रिया गरिरहने शिक्षकको आँखाबाट हेर्दा अहिले बहुसंख्यक युवाहरूमा समाज विज्ञानको चेतनाको अभाव देख्छु म । हुन पनि उच्च शिक्षामा मानविकी तथा समाज विज्ञान शिक्षाको महत्त्व अत्यन्त गहिरो र बहुआयामिक छ । मानविकीले भाषा, इतिहास, राजनीतिशास्त्र, दर्शन, साहित्य र संस्कृतिजस्ता विषयमार्फत मानिसलाई समाज र सभ्यताको विकासबारे गहिरो ज्ञान दिन्छ । यसले विद्यार्थीमा आलोचनात्मक सोच, नैतिक चेतना र सिर्जनशीलता विकास गराउँछ, जसले उनीहरूलाई जटिल सामाजिक, सांस्कृतिक र नैतिक समस्याहरू समाधान गर्न सक्षम बनाउँछ । विज्ञान र प्रविधिको तीव्र विकाससँगै मानविकी शिक्षाले मानवीय मूल्य, सहानुभूति र जिम्मेवारीको भावना जोगाइराख्न महत्त्वपूर्ण भूमिका खेल्छ । आजको जटिल र द्रुत रूपमा परिवर्तनशील समाजमा मानिसलाई प्राविधिक ज्ञान मात्रै होइन- मानवीय मूल्य, नैतिकता र सामाजिक उत्तरदायित्वबारे पनि सचेत बनाउनु अत्यन्तै आवश्यक छ । मानविकीले विज्ञान र प्रविधिको प्रयोगलाई मानवीय दृष्टिकोणबाट सन्तुलित बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसैले, सन्तुलित र समावेशी समाज निर्माणका लागि उच्च शिक्षामा मानविकी शिक्षाको योगदान अपरिहार्य देखिन्छ । तर विद्यार्थी, अभिभावक तथा नीति-निर्माताहरूले भने मानविकी शिक्षालाई प्राथमिकतामा राखेको देखिँदैन । यस्तो जीवन्त विषय पढ्ने विद्यार्थीको संख्या बर्सेनि घट्दो छ । युवाहरू बिस्तारै यी विषयबाट विमुख हुँदै गएका छन् । अभिभावकहरूको लगाव पनि श्रम बजारमा उच्च माग भएका प्राविधिक विषयहरूसँग मात्रै भएको देखिन्छ । पछिल्ला पाँच वर्षमा उच्च शिक्षामा मानविकी तथा समाजशास्त्र संकायमा भर्ना भएका विद्यार्थी संख्याले पनि यो तथ्य उजागर गर्छ । विगत केही महिना म काठमाडौंका झन्डै एक दर्जन स्कुलमा १२ कक्षा अध्ययनरत विद्यार्थीहसँग उच्च शिक्षामा उनीहरूको रोजाइमा पर्ने विषयबारे अन्तरक्रियामा संलग्न रहें । अन्तरक्रियाको मुख्य उद्देश्य विद्यार्थीलाई मानविकी शिक्षा अध्ययनमा प्रेरित गर्नु पनि थियो । कक्षा १२ पछि अध्ययनलाई निरन्तरता दिन चाहने अधिकांश विद्यार्थीका प्राथमिकतामा सूचना-प्रविधि, चिकित्सा, इन्जिनियरिङ, व्यवस्थापन जस्ता विषय थिए र अधिकांश उनीहरूको उच्च शिक्षाको गन्तव्य भने विदेश नै थियो । यस्तो पृष्ठभूमिमा युवा विद्यार्थीलाई मानविकीका विषयतर्फ आकर्षित बनाउनु चुनौतीपूर्ण देखिन्छ । कतिपय अभिभावक तथा नीति-निर्माताहरू मानविकीअन्तर्गतका विषयलाई अनुत्पादक मान्ने रहेछन् । आलोचनात्मक चेतसहितका जनशक्ति उत्पादन गर्ने हुनाले सायद सरकारको प्राथमिकतामा पनि यी विषय परेनन् कि ?

प्राज्ञहरू मानविकी विषयको महत्त्व उच्च रहेको निष्कर्षमा पुगेका छन् । नुस्वम ( सन् २०१७) तथा पल इल्डर (सन् २००८) का अनुसार, मानविकी शिक्षाले रोजगार बजारमा अत्यन्तै आवश्यक मानिने सीपहरू (जस्तै- लेखन, मौखिक अभिव्यक्ति, सहकार्य र समस्या समाधान जस्ता क्षमता) को विकास गर्छ । आधुनिक श्रम बजारमा मात्रै होइन, समाजमा पनि यी सीपको अभाव देखिएको छ, जसलाई मानविकी शिक्षाले पूर्ति गर्न सक्छ । त्यस्तै मानविकी र समाज विज्ञानको अध्ययनले विभिन्न संस्कृति, इतिहास र सामाजिक संरचनाहरूको गहिरो बुझाइ प्रदान गर्छ, जसले सहिष्णुता र विश्व दृष्टिकोण विस्तार गर्छ । ब्रुनर ( १९९०) का अनुसार, मानविकीको अध्ययनले विद्यार्थीलाई केवल तथ्य सिकाउने होइन, जीवन र समाजको अर्थ बुझ्न सहयोग गर्छ । यसले नागरिकको सिर्जनात्मक र आलोचनात्मक सोचलाई जोड्दै 'मिनिङ मेकिङ' प्रक्रिया विकास गर्छ, जुन ज्ञानको गहिरो प्रयोगसँग सम्बन्धित छ । अहिलेको नेपाली समाज हेर्दा युवाहरूमा मानविकी शिक्षाको अभाव खट्किएको भान हुन्छ । युवाहरू बढी नै संवेदनशील हुन्छन् । उनीहरूमा परिवार तथा समाजको मात्रै होइन, सामाजिक सञ्जालको प्रभाव झन् बढी देखिन्छ । पछिल्ला दिनमा उनीहरू सञ्जालमा आएका अल्गोरिदम निर्देशित कन्टेन्टहरूले झन् दिग्भ्रमित बनेका छन् । आजभोलि सामाजिक सञ्जालहरूमा अभिव्यक्त धारणाहरू हेर्ने हो भने तथ्यपरक आलोचना वा समर्थनको पक्ष कमजोर हुँदै गएको देखिन्छ । त्यसैले अब उच्च शिक्षामा मानविकी अध्ययनलाई जोड दिनु आवश्यक छ, जसले युवाहरूमा तथ्यपरक आलोचना र समर्थन संस्कारको विकास गरोस् ।

अहिले त 'आई हेट पलिटिक्स' भन्ने पुस्ताका प्रतिनिधि जबर्जस्त राजनीतिमा स्थापित भएका छन् । युवाहरूको यो हस्तक्षेप एकातर्फ ज्यादै सकारात्मक संकेत जस्तो देखिन्छ भने अर्कोतर्फ सामाजिक सञ्जालमा पोखिने अन्ध पक्षधरता र उग्रताले समाजलाई नै विचलित बनाउने त्रास पनि देखिन्छ । गुण र दोषका आधारमा प्रतिक्रिया दिन चाहने मान्छे सामाजिक प्लाटफर्महरूमा देखापर्नै नचाहने वा देखापर्न नसक्ने स्थिति अझ डरमर्दो छ । यस्तो अवस्थामा स्वस्थ आलोचनाका लागि सरकारले नै वातावरण बनाउनु उपयुक्त हुन्छ । स्वस्थ र तथ्यपरक आलोचनाले आवेग तथा भूलवश हुन सक्ने गल्ती-कमजोरीलाई सच्याउने अवसर दिन्छ । भनिन्छ, बीपी कोइराला सरकारमा रहँदा पत्रकारहरूलाई सरकारको कमजोरी देखाउन र आलोचनात्मक समाचार वा लेख लेख्न प्रेरित गर्थे ।

**सांभार : नेपाल प्रेस ।**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday